# प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०७७/०४/२६ गतेको निर्णय तथा नेपाल धितोपत्र बोर्डले मिति २०७७/०४/२८ गते अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीहरुलाइ पठाएको पत्र अनुरुप ग्राहकवर्गलाई प्रदान गर्ने सेवा सम्बन्धमा अत्यन्त जरुरी सूचना

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०४/२६ गते बसेको बैठकद्वारा कोरोना भाइरस (कोभिड-१९) को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै "काठमाडौं उपत्यकाका सरकारी तथा गैर सरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघ संस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रदान गर्ने सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले विद्युतिय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने" भन्ने आदेश भएको र सो सम्बन्धमा नेपाल धितोपत्र बोर्डबाट मिति २०७७/०४/२८ मा नेपाल सरकारले जारी गरेको उक्त आदेश कार्यान्वयन गर्ने व्यवस्था मिलाउन अनुरोध भएको हुँदा मिति २०७७/०४/३२ गतेदेखि लागू हुने गरी कार्यालय परिसरमा ग्राहक महानुभावहरुको भौतिक उपस्थिति अति आवश्यक सेवाका लागि अग्रिम जानकारी गराएको अवस्थामा बाहेक अनलाइन, भर्चुअल तथा विद्युतिय माध्यमबाट मात्र सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउन चाहन्छौं ।

## (१) डिपि (Depository Participant) सेवातर्फ :

### (क) डिम्याट खाता खोल्ने :

- यस कम्पनीको वेभसाइट www.globalimecapital.com खोल्ने र Online Services मा Click गरी Demat Account Opening मा गएर फर्म भर्ने र Upload गर्नुपर्ने ।
- आफ्नो र साक्षीको सक्कल नागरिकता प्रमाणपत्र, नागरिकताको प्रमााणपत्र लिएको १५ वर्ष भन्दा बढी भएको भए हालसालैको परिचय खुल्ने मतदाता परिचयपत्र वा पासपोर्ट वा सरकारी कर्मचारी भएमा कर्मचारी परिचयपत्र, आफनो पासपोर्ट साइजको फोटो, नाबालक भएमा संरक्षकको सक्कल नागरिकता प्रमाणपत्र र नाबालकको सक्कल जन्मदर्ता प्रमाणपत्र र दुबैको पासपोर्ट साइजको फोटो, सक्कल नागरिकता लिएको आफ्नो सेल्फी फोटो Scan गरी Upload गर्नुपर्ने । तत्पश्चात् Payment Method Select गरी डिम्याट खाताको सेवा शुल्क बापत लाग्ने रकम रु.१५०।०० (अक्षरेपी एकसय पचास मात्र) भुक्तानी गर्नुपर्ने ।
- यसरी आवेदन गरिसकेपछि आवश्यक सम्पूर्ण कागजात सहित आवेदन फारम भरेको बढीमा ३ (तीन) दिनभित्र यस कम्पनीले डिम्याट खाता खोली सो को जानकारी सम्बन्धित व्यक्तिको मोबाइल नं.वा इमेल ठेगानामा गराउनेछ ।
- यस सम्बन्धमा थप जानकारीको लागि यस कम्पनीको इमेल ठेगाना kabita.rai@gicl.com.np मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ ।

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**(ख) डिम्याट खाता नविकरण** :

- यस कम्पनीको वेभसाइट www.globalimecapital.com खोली Demat Account (BOID) Renew Status मा Click गर्ने । त्यसपछि डिम्याट खाता नविकरण भए नभएको यकिन गर्न १६ वटा अंक (Digit) भएको डिम्याट खाता नम्बर Enter गर्ने र तिर्न बाँकि रहेको नविकरण शुल्क थाहा पाउने ।
- डिम्याट खाताको नविकरण शुल्क भुक्तानी गर्न Global IME Bank Ltd. को ebanking, IME Pay, esewa र connect IPS मध्ये कुनै एउटा विद्युतिय सेवा प्रदायकमा Login गर्ने ।
- तत्पश्चात् डिम्याट खाता नविकरण गर्न Select गर्ने र सहि डिम्याट खाता नम्बर यकिन गरेर तिर्न बाँकि रहेको नविकरण शुल्क बापतको रकम लेखी Enter गर्ने ।
- यसरी नविकरण शुल्क भुक्तानी गरेको बढीमा ३ (तीन) दिनभित्र डिम्याट खाता नविकरण हुनेछ ।
- यस सम्बन्धमा थप जानकारीको लागि यस कम्पनीको इमेल ठेगाना sakuntala.gharti@gicl.com.np मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ ।

**(ग) मेरो शेयर सेवा दर्ता** :

- यस कम्पनीको वेभसाइट www.globalimecapital.com खोल्ने र वेभसाइटमा रहेको Forms/ Download मा जाने र CDSC को Meroshare Click गरी Meroshare को Form Downlaod गर्ने ।
- Meroshare को Form भरी हस्ताक्षर गर्ने र हस्ताक्षर गरी भरिएको उक्त Form र मेरो शेयर सेवाको सेवा शुल्क बापतको रकम रु.५०।००(अक्षरेपी पचास मात्र) संलग्न गरी meroshare@gicl.com.np मा पठाउने ।
- मेरो शेयर सेवाको सेवा शुल्क भुक्तानी गर्न Global IME Bank Ltd. को ebanking, IME Pay, esewa र connect IPS मध्ये कुनै एउटा विद्युतिय सेवा प्रदायकमा Login गर्ने र रु. ५०।०० (अक्षरेपी पचास मात्र) भुक्तानी गर्ने ।
- मेरो शेयर सेवा दर्ताको लागि अनिवार्य रुपमा डिम्याट खाता नविकरण भएको हुनुपर्नेछ ।
- यसरी आवेदन गरिसकेपछि आवेदन फारम भरेको बढीमा ३ (तीन) दिनभित्र यस कम्पनीले मेरो शेयर दर्ता गरी सम्बन्धित हितग्राही खाताधारकले हितग्राही खाता खोल्दा उल्लेख गरेको इमेलमा User Name र Password पठाउनेछ ।
- यस सम्बन्धमा थप जानकारीको लागि यस कम्पनीको इमेल ठेगाना aayusha.sharma@gicl.com.np मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ ।

(घ) **मेरो शेयर सेवा नविकरण :**

- esewa को प्रयोग गरी भुक्तानी गरेमा Real Time मा मेरो शेयर नविकरण हुने व्यवस्था सिडिएससि एण्ड क्लियरिङ्ग लि.ले गरेको हुँदा यसको लागि मेरो शेयरको Login Page मा गई Details भरेर esewa मार्फत भुक्तानी गरी मेरो शेयर नविकरण गर्न सकिनेछ ।
- esewa बाहेक अन्य विद्युतिय सेवा प्रदायकबाट भुक्तानी गरी मेरो शेयर नविकरण गर्न चाहेमा Global IME Bank Ltd. को ebanking, IME Pay, esewa र connect IPS मध्ये कुनै एउटा विद्युतिय सेवा प्रदायकमा Login गर्ने ।
- त्यसपछि मेरो शेयर नविकरण गर्न Select गर्ने र सही डिम्याट खाता नम्बर यकिन गरी रु. ५०।०० (अक्षरेपी पचास मात्र) भुक्तानी गर्ने ।
- यसरी नविकरण शुल्क भुक्तानी गरेको बढीमा ३ (तीन) दिनभित्र डिम्याट खाता नविकरण हुनेछ ।
- यस सम्बन्धमा थप जानकारीको लागि यस कम्पनीको इमेल ठेगाना susmita.dangol@gicl.com.np मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ ।

(ङ) **बिक्री गरिएको शेयरको हस्तान्तरण कार्य**

१. **Electronic Debit Instruction Slip (EDIS) :**

- मेरो शेयर सेवाको Page खोली Login गर्ने ।
- त्यसपछि My EDIS मा जाने र Settlement को लागि Process गर्ने ।
- यस कार्यको लागि अनिवार्य रुपमा WACC Calculate भएको र Demat Account नविकरण भएको हुनुपर्नेछ ।
- यस सम्बन्धमा थप जानकारीको लागि यस कम्पनीको इमेल ठेगाना ajay.aryal@gicl.com.np मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२. **Debit Instruction Slip (DIS) :**

- DIS मार्फत Settlement गर्न सम्बन्धित ब्रोकर मार्फत मात्र यस कम्पनीमा सम्पर्क राख्नुपर्नेछ ।
- यस सम्बन्धमा थप जानकारीको लागि यस कम्पनीको इमेल ठेगाना ajay.aryal@gicl.com.np मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

(च) **<u>Pledge गर्ने सम्बन्धमा :</u>**

- Pledge सँग सम्बन्धित कागजातहरु (अनुसूची-१८, अनुसूची-१९, Bank Deed, बैंकको Cover Letter, संस्थापकको हकमा RTS Company ले जारी गरेको No Objection Letter) लाई सम्बन्धित बैंकको कर्मचारीले प्रमाणित गरी सो को Scan Copy यस कम्पनीको इमेल ठेगाना merina.shrestha@gicl.com.np मा पठाउनुपर्नेछ ।
- उपरोक्तानुसारको कागजात प्राप्त गरिसकेपछि यस कम्पनीले हस्ताक्षर Verify गरी हस्ताक्षर मिलेको खण्डमा Pledge को कार्य अगाडि बढाउनेछ ।
- Pledge को काम भैसकेपछि सम्बन्धित बैंकलाई System बाट Generate भएको Pledge Letter (जसमा सम्बन्धित कर्मचारीको हस्ताक्षर र कम्पनीको छाप नहुने) पठाइनेछ । सो पश्चात् सम्बन्धित बैंकको कर्मचारीले इमेल वा फोनमार्फत प्रत्यक्ष रुपमा यकिन गरे पश्चात् मात्र कर्जा प्रवाह लगायतको कार्य अगाडि बढाउनुपर्ने छ । सम्बन्धित बैंकको कर्मचारीले इमेल वा फोनमार्फत प्रत्यक्ष रुपमा यकिन नगरी कर्जा प्रवाह गर्ने र सोही कारणले अन्यथा हुन गएमा सम्बन्धित बैंक नै जवाफदेही हुनेछ ।

**डिपि (Depository Participant) सेवासँग सम्बन्धित माथि उल्लेखित सेवाहरुको लागि SMS, Viber र Whatsapp को लागि मोबाइल नम्बर ९८६१५९६५६८ र अन्य कार्यको लागि कार्यालयको फोन नं.०१-४२३१६९२ मा सम्पर्क गर्न सकिने व्यहोरा जानकारी गराउन चाहन्छौं ।**

## (२) <u>मर्चेण्ट बैंकिङ्ग सेवातर्फ</u> :

### (क) <u>दस्तखत प्रमाणिकरण :</u>

भौतिक शेयर अभौतिकिकरण गर्नको लागि दिइने निवेदन (Demat Request Form) र शेयर प्रमाण पत्र हराएमा प्रतिलिपी प्रमाणपत्र जारी गर्नको लागि दिइने निवेदनमा मात्र दस्तखत प्रमाणिकरण गरिने हुँदा यस कम्पनीको इमेल ठेगाना annu.thapa@gicl.com.np मा तल उल्लेखित कागजातहरु Scan गरी पठाउनुपर्नेछ ।

**<u>संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु</u>**

- Demat Request Copy – आधिकारीक दस्तखत तथा कम्पनीको छाप अनिवार्य भएको हुनुपर्ने र अन्य सम्पूर्ण विवरणहरु शेयर प्रमाण-पत्र बमोजिम उल्लेख भएको हनुपर्नेछ ।
- अभौतिकीकरण गरिदिने बारेको निवेदन (अनुसूची-१६) - सम्पूर्ण विवरणहरु अनिवार्य र प्रष्टसँग बुझिने गरी लेखिएको हुनुपर्नेछ ।
- निक्षेप सदस्यमा भएको दस्तखत प्रमाणिकरण भएको हुनुपर्नेछ ।
- शेयर प्रमाण-पत्रको Scan Copy समावेश भएको हुनुपर्नेछ ।

**कार्य विधि**

- दस्तखत प्रमाणिकरणका लागि ईमेल मार्फत प्राप्त कागजातहरुको आवश्यक परिक्षण गरे पश्चात् दस्तखत प्रमाणिकरण भए/ नभएको जानकारी सोही ईमेल मार्फत नै दिइनेछ ।
- शेयरको अभौतिकिकरणको लागि भने सम्बन्धित निक्षेप सदस्यमार्फत नै ईमेल प्राप्त भए पश्चात् गरिनेछ र सो को सक्कल कागजातहरु यस कम्पनीमा पछि बुझाइनेछ भन्ने व्यहोरा उल्लेख भएको निक्षेप सदस्यको पत्र समेत समावेश गर्नुपर्नेछ ।

**(ख) नगद लाभांश सम्बन्धित हितग्राहीको बैंक खातामा रकमान्तर गर्ने कार्य :**

हाल सम्म शेयर अभौतिकिकरण नभएर लाभांश रकम प्राप्त गर्न नसकेका शेयरधनीहरुको हकमा नगद लाभांश सम्बन्धित शेयरधनीको अनुरोध बमोजिम बैंक खातामा रकमान्तर गरिनेछ । पुरानो आर्थिक वर्षहरुको भौतिक लाभांश पुर्जा लिन बाँकी रहेको खण्डमा सम्बन्धित शेयरधनीको निवदेन बमोजिम IPS मार्फत लाभांश रकम बैंक खातामा रकमान्तर गरिने हुँदा यस कम्पनीको इमेल ठेगाना sonam.sherpa@gicl.com.np मा तल उल्लेखित कागजातहरु Scan गरी पठाउनुपर्नेछ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

- शेयरधनीको निवेदन- निवेदन स्पष्ट हुने गरी कुनै केरमेट नगरिएको हुनुपर्ने । (निवेदनको ढाँचा यस कम्पनीको website मा राखिएको छ ।)
- नागरिकता प्रमाणपत्र वा मतदाता परिचयपत्रको प्रतिलिपि ।

**कार्य विधि**

- एक हप्तासम्म प्राप्त भएको निवेदनहरुको आवश्यक Verify गरेपश्चात् रकमान्तर गर्न योग्य निवेदनहरुको हकमा त्यसपछिको दोस्रो हप्तामा नगद लाभांश बैंक खातामा रकमान्तर गरिनेछ ।

**(ग) बोनश/हकप्रद शेयर हितग्राहीको खातामा पठाउने कार्य :**

रोक्का गरेको शेयरको हकमा फुकुवापत्र, कर बापतको रकम नबुझाएको कारण बोनश शेयर हितग्राही खातामा जम्मा हुन नसकेको भए कर बापत रकम बुझाएको बैंक भौचर पेश गरे पश्चात् मात्र बोनश शेयर र हकप्रद शेयर भरेको भए हितग्राहीको खातामा हकप्रद शेयर जम्मा गरिने हुँदा यस कम्पनीको इमेल ठेगाना mira.khadka@gicl.com.np मा तल उल्लेखित कागजातहरु Scan गरी पठाउनुपर्नेछ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

- शेयरधनीको निवेदन ।
- भौतिक शेयरको हकमा अभौतिकिकरण गरिदिने बारेको निवेदन र Demat Request Copy।
- हकप्रद शेयरको हकमा हकप्रद शेयर भर्दाको अर्धकट्टी समावेश गर्नुपर्नेछ ।
- कर बुझाउनुपर्नेको हकमा कर बुझाएको बैंक भौचर समावेश गर्नुपर्नेछ ।

**कार्य विधि**

- एक हप्तासम्म प्राप्त भएका निवेदनहरुको आवश्यक Verify गरेपश्चात रकमान्तर गर्न योग्य निवेदनहरुको हकमा त्यसपछिको दोस्रो हप्तामा बोनश/हकप्रद शेयर डिम्याट खातामा पठाइनेछ ।

(घ) **जो जससँग सम्बन्धित पत्रहरु/कर चुक्ता पत्र/अनुमति पत्र (No Objection Letter)**

संस्थापक शेयर धितो रोक्का राख्ने सम्बन्धमा के कति शेयर वा जारी पुँजीको कति प्रतिशत रहेको छ भन्ने बारेको जानकारी पत्र, शेयरधनीको कर चुक्ता प्रमाणपत्रका लागि शेयरधनीबाट अनुरोध भएको आधारमा तयार गर्नुपर्ने पत्र, शेयरधनीले आफ्नो शेयर स्वामित्व सम्बन्धी विवरण माग भएमा माग बमोजिमको पत्र उपलब्ध गराइने हुँदा यस कम्पनीको इमेल ठेगाना bijeta.shakya@gicl.com.np मा तल उल्लेखित कागजातहरु Scan गरी पठाउनुपर्नेछ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

- कर्जा प्रदान गर्ने बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter का लागि लेखिएको पत्र ।
- जो जससँग सम्बन्धित पत्रका लागि सम्बन्धित शेयरधनीले लेखेको निवेदन ।
- पत्रमा Demat Account No. वा शेयरधनी नं. स्पष्ट रुपमा लेखिएको हुनुपर्ने ।
- शेयरधनीहरुको कर चुक्ता प्रमाण पत्रका लागि माग भएमा सो बापत लाग्ने सेवा शुल्क बापतको रकम यस कम्पनीको ग्लोबल आइएमई बैंक लि., कान्तिपथमा रहेको बैंक खाता नं. ०१०१०१०००५८१३ मा जम्मा गरिएको बैंक भौचर ।

**मर्चेण्ट बैंकिङ्गसँग सम्बन्धित माथि उल्लेखित सेवाहरुको लागि SMS, Viber र Whatsapp को लागि मोबाइल नम्बर ९८१३९८७३८५ र अन्य कार्यको लागि कार्यालयको फोन नं.०१-४२३९०६४ मा सम्पर्क गर्न सकिने व्यहोरा जानकारी गराउन चाहन्छौं ।**